## विद्युतिय राहदानीको अनलाइन अग्रिम दर्ता निवेदन फारम(Online Pre-enrollment Form) साथ राहदानी विभागमा लाइभ इनरोलमेन्ट केन्द्रमा उपस्थित हुँदा देहाएका अपलोड गरेका कागजहरु साथैमा लिएर आउनु पर्नेछ ।

### a). नावालकको हकमा पहिलो पटक राहदानी बनाउनको लागि

i) नावालक परिचयपत्र सक्कल

ii) नावालक परिचयपत्रवाहकको तस्विर सहितको जिल्ला प्रमाणिकरण पत्र

iii) आमाबाबुको नागरिकता प्रमाणपत्र सक्कल

iv) आमाबाबुको विवाह दर्ता प्रमाणपत्र

### b.) नावालकको राहदानी नवीकरणको लागि:

i) नावालक परिचयपत्र सक्कल

ii) नावालक पपरिचयपत्रवाहकको तस्विर सहितको जिल्ला प्रमाणीकरण पत्र (पुरानो पासपोर्ट नेपालबाट बनेको हकमा जिल्ला प्रमाणीकरण आवश्यक नपर्ने)

iii) नावालकको पुरानो राहदानी

iv) आमाबाबुको नागरिकता प्रमाणपत्र सक्कल

v) आमाबाबुको विवाह दर्ता प्रमाणपत्र

(१० वर्ष मुनिका नावालकको हकमा ५ वर्षको अवधि मान्य रहेको ई-पासपोर्ट जारी गरिनेछ। १०-१६ वर्षको नावालकको हकमा सो अवधि १० वर्ष हुनेछ।)

### c.) १६ वर्ष भन्दा माथि उमेर भएका नेपाली नागरिकको हकमा पहिलो पटक राहदानी बनाउनको लागि

i) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र

ii) राष्ट्रिय परिचयपत्रको नम्बर खुलेको प्रमाणपत्र

(यसअघि हस्तलिखित राहदानी भएको भए यसैअनुरुप पहिलो पटक राहदानी बनाउने प्रक्रिया मात्र पुरा गर्ने)

## d.) १६ वर्ष भन्दा माथि उमेर भएका नेपाली नागरिकको हकमा राहदानी नवीकरणको लागि

i) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ii) राष्ट्रिय परिचयपत्रको नम्बर खुलेको प्रमाणपत्र
iii) यसअधिको यन्त्रवाचक/विद्युतीय राहदानी लिएको भए सो को सक्कल।

### थप जानकारी

- पतिको थर हटाउनु पर्ने भएमा सम्बन्ध विच्छेदको प्रमाण।
- शैक्षिक प्रमाणपत्र अनुसार नाम र जन्म मिति कायम गर्नु पर्ने भए सोको प्रमाण पत्रको सक्कल।
- हालको राहदानीको सट्टामा नयाँ राहदानीमा थर परिवर्तन गर्न आवश्यक भएमा जिल्ला प्रशासन वा इलाका प्रशासन कार्यालयको सक्कल चिठी ।
- विवाहित महिला निवेदकले पतिको थर कायम गरी राहदानी लिन चाहेमा विवाहदर्ता प्रमाणपत्रको सक्कल ।